नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च)
NEPALI ISAI MANDALI (GYANESHWOR CHURCH)
२०१४/1957

नेपाली इसाई मण्डली
# सूचनापत्र
मासिक
आषाढ/श्रावण २०६८ (July 2011) वर्ष १५/अङ्क १७२

## झूटा शिक्षाबाट होशियार-मत्ती २४:४-५, ११, २३-२४, गलाती १:६-९

– पाष्टर अशोक मुखिया

मण्डली खीष्ट येशू प्रभुको हो । मण्डलीको लागि नै उहाँले आफ्नो प्राण क्रूसमा दिनुभयो । यसैले मण्डली उहाँको निम्ति अति प्यारो र बहुमूल्य छ । उहाँ आफ्नो मण्डलीलाई स्वर्गमा लैजानको लागि दोस्रो पल्ट फेरि आउँदै हुनुहुन्छ (यूहन्ना १४:३, मर्कूस १३:२६-२७, प्रेरित १:९-११, १ थेसलोनिकी ४:१५-१७) ।

खीष्ट येशू प्रभुले उहाँको मण्डली यस संसारमा पवित्र आत्माको अगुवाइमा वृद्धि हुँदै, फैलँदै, पवित्र हुँदै, अधिकार गर्दै गएको साथै सारा आदर, भक्ति र महिमा उहाँलाई दिँदै उहाँको दोस्रो आगमनसम्म स्थिर र सुरक्षित रहेको चाहनुहुन्छ । यसैले प्रभु आफैले पनि मण्डलीलाई दुष्टबाट सुरक्षित रहून् भनी पितासँग बिन्ती गर्नुभएको कुरा बाइबलमा लेखिएका छ (यूहन्ना १७:१५-१९) ।

खीष्ट येशूको चाहाना अनुसार मण्डली फैलँदै जान नदिनलाई शैतानले धेरै प्रकारले मण्डलीलाई झूटा कुराहरू गरी बहकाउने, मण्डलीको शिक्षाको विरोध गर्ने, विश्वासमा बाधा ल्याउने गर्छ, किनकि त्यो झूटको पिता हो (यूहन्ना ८:४४) । यसैले त्यो बिगार्न, नाश गर्न र मार्नलाई मात्र आउँछ (यूहन्ना १०:१०) ।

अहिलेको वर्तमान संसारमा झूटो शिक्षाहरू प्रशस्त मात्रामा आइसकेका छन् । काठमाडौं, ललितपुर, भक्तपुर साथै देशको अन्य ठाउँहरूमा पनि यस्ता समूहका मानिसहरू विश्वासीहरूको घर-घरमा आउन थालेका छन् । सुरूका मण्डलीहरूमा पनि यस्ता झूटो शिक्षा र शिक्षकहरूले दुःख दिएका थिए । विश्वासीहरूलाई बहकाउने काम गरी मण्डलीमा फाटो, गडबडी ल्याएका थिए (गलाती १:६-९) । यी विश्वासीहरूको जीवन देखेर पावल आफै पनि छक्क परेका थिए, किनकि त्यस समयका विश्वासीहरू सत्य सुसमाचारदेखि सजिलै झूटा कुराहरूतिर बहकिएर गएका थिए ।

प्रेरित २०:२८-३१ अनुसार पावलले एफिसस्का अगुवा र मण्डलीहरूलाई पनि यस्तै कुराहरूबाट होसियारी हुन चेतावनी दिइएका छन् भने कलस्सी १:२२-२३ मा कलस्सीको मण्डलीलाई पनि चेतावनी दिइएका छन्, किनकि पावललाई मण्डलीको निम्ति साँचो बोझ, वास्ता, फिक्री थियो (२ कोरिन्थी ११:२-४) ।

### झूटो शिक्षा के हो

परमेश्वरको वचनबाट केही पद मात्र लिई त्यसलाई ठूलो विषय बनाएर वचनलाई बङगाएर निकालिएको सिद्धान्त र शिक्षा नै झूटो शिक्षा हो (२ पत्रुस ३:१६-१७) । झूटो शिक्षा सिकाउनेहरूले वचनलाई आफ्नै तरिकाले ब्याख्या गरि आफ्नै सिद्धान्त बनाई शिक्षा दिने काम गर्छन् । तिनीहरूले आफ्नो कुरा राख्ने काममा सम्पूर्ण बाइबल चलाउँदैनन् ।

### झूटो शिक्षा सिकाउनेहरूले के गर्छन् ?

झूटो शिक्षा सिकाउनेहरू कतिले निस्तार चाड मान्नुपर्छ भनी जोड दिन्छन्, पानीको बप्तिस्मा फेरि लिन कर लगाउँछन, खीष्टमस मान्नु हुँदैन भनी शिक्षा दिन्छन्, पवित्र आत्माको विरोध गर्छन, विवाह गर्नु हुँदैन भन्छन्, पितालाई होइन मातालाई मान्नुपर्छ भन्छन् ।

यस्ता मानिसहरू अन्य मानिसहरूकहाँ गएर सुसमाचार सुनाउँदैनन् तर विश्वासीहरूको घर खोजी खोजी आउने गर्छन् र धेरै कुराहरू गरेर प्रलोभन देखाउँछन् साथै हामीले पाएको उद्धार, मुक्ति र शिक्षाको विरोध गर्छन् र हाम्रो शिक्षालाई झूटो हो भन्छन् । हाम्रो विश्वास र शिक्षाको विषयमा तर्क बितर्क गरी हाम्रो विश्वासलाई खलबल्याउन खोज्छन् । मण्डलीका अगुवाहरूको विरूद्धमा बोल्छन् । आराधना सेवामा आएर विश्वासीहरूलाई बहकाउँछन्, भड्काउँछन् र उनीहरूको झुण्डमा फकाएर लान कोशिष् गर्छन् ।

### तिनीहरुलाई कसरी चिन्ने

मत्ती ७:१५-१६ भन्दछ "झूटा अगमबक्ताहरूदेखि होशियार बस, जो तिमीहरूकहाँ भेडाको भेसमा आउँछन्, तर भित्रपट्टि चाहिँ डरलाग्दा ब्वाँसाहरू जस्ता हुन्छन् । तिनीहरूका फलबाट तिमीहरूले तिनीहरूलाई चिन्नेछौ । के काँढाका बोटबाट अंगूर अथवा सिउँडीबाट अञ्जीर टिपिन्छ र ?"

### वचनले झूटो शिक्षा सिकाउनेहरुको सम्बन्धमा के भन्छ ?

२ पत्रुस २:१-३ ले भन्दछ "जसरी इस्राइलीहरूका माझमा झूटा अगम्वक्ताहरू थिए, त्यसरी नै तिमीहरूको माझमा झुटा शिक्षकहरू खडा हुनेछन् । यिनीहरूले गुप्त रुपले विनाशकारी झूटा शिक्षाहरू ल्याउनेछन्, यहाँ सम्म कि तिनीहरूलाई उद्धार गर्नुहुने स्वामीलाई पनि तिनीहरूले इन्कार गर्नेछन् र आफैमाथि विनाश ल्याउनेछन् र धेरै जनाले तिनीहरूका विलाषी आचरणको अनुसरण गर्नेछन्, र तिनीहरूको कारण सत्यका मार्गको बदनामी हुनेछ । लोभको बसमा परेर तिनीहरूले झूटा कुरा बनाएर तिमीहरूबाट फाइदा उठाउनेछन् । तिनीहरूका दण्डको कुरा अघिबाटै निर्णय भइसकेकोछ, र तिनीहरूका विनाशको कुरा जागै छ ।" यसरी नै मत्ती २४:५ ले भन्छः किनभने धेरै जना मेरो नाउँमा 'म खीष्ट हुँ' भन्दै आउनेछन् र धेरैलाई बहकाउनेछन् ।

### वचनले हामी मण्डलीलाई के भन्छ

१ यूहन्ना ४:१-३ ले भन्दछ "प्रिय हो, जुनसुकै आत्मालाई विश्वास नगर, तर आत्माहरू परमेश्वरबाट आएका हुन् कि होइनन् भनेर तिनको जाँच गर किनभने धेरै झूटा अगमवक्ताहरू यस संसारमा निस्किआएका छन् । यसैबाट तिमीहरू परमेश्वरको आत्मालाई

| शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली | | | | | | |
|---|---|---|---|---|---|---|
| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | ललितपुर | पनौती | गुरूजुधारा |
| आषाढ २५ गते<br>जुलाई ९ ता. | पाष्टर<br>सामुएल कार्थक | डीकन<br>मान बहादुर मगर | पाष्टर<br>अशोक मुखिया | श्री<br>छयोगेन रोंगोंग | पाष्टर<br>दफ्तन सादा | डीकन<br>नवराज के.सी. |
| आषाढ ३२ गते<br>जुलाई १६ ता. | पाष्टर<br>बि.बि. खवास | एल्डर<br>दिनेश न्यौपाने | श्री<br>पदम बहादुर राई | पाष्टर<br>राजेन्द्र रोंगोंग | एल्डर<br>रूबेन श्रेष्ठ | डीकन<br>रुद्र राई |
| श्रावण ७ गते<br>जुलाई २३ ता. | एल्डर<br>सामुएल क्षेत्री | पाष्टर<br>अशोक मुखिया | डीकन<br>बाघ मान तामाङ्ग | पाष्टर रोबर्ट कार्थक<br>डी. श्यारोन रोंगोंग | एल्डर<br>श्रीलक्ष्मी सैंजु | श्री<br>प्रशु अधिकारी |
| श्रावण १४ गते<br>जुलाई ३० ता. | एल्डर पूर्ण सुनुवार<br>डीकनेस् शुईङ्ग कार्थक<br>पाष्टर सामुएल कार्थक | श्री<br>सुरेन्द्र नेपाली | श्रीमती<br>माला खालिङ | श्री स्टिफन राई<br>डीकनेस् ग्रेस खालिङ | श्री<br>सिमोन भण्डारी | एल्डर<br>सीता गुरुङ्ग |
| श्रावण २१ गते<br>अगष्ट ६ ता. | पाष्टर<br>रोबर्ट कार्थक | **संयुक्त सेवा – ज्ञानेश्वर चर्च** | | पाष्टर<br>बी.बी. खवास | श्री<br>वीर बहादुर देउला | श्री<br>जीवन खालिङ |

चिन्छौः हरेक आत्मा जसले येशू ख्रीष्ट शरीरमा आउनुभएको हो भनी स्वीकार गर्छ, सो परमेश्वरबाट हो । येशूलाई स्वीकार नगर्ने हरेक आत्मा परमेश्वरबाट होइन तर त्यो ख्रीष्ट विरोधीको आत्मा हो, जसको विषयमा 'त्यो आउँछ' भन्ने तिमीहरूले सुनेका छौ । अब त्यो यस संसारमा आइसकेको छ ।" २ पत्रुस ३:१७ ले भन्दछ "यसकारण प्रिय हो, अघिबाटै यी कुरा जानेर होशियार रहो, दुष्ट मानिसहरूको भूल कुरामा अलमलिएर आफ्नो स्थिरता नगुमाओ ।"

## मण्डलीको जिम्मेवारी

परमेश्वरले मलाई यस मण्डलीमा राख्नुभएको हो भनी जानेर मण्डलीको शिक्षा र अगुवाहरूको अधिनमा हामी रहनुपर्छ । यसैले हामीलाई बहकाउने, लोभलालच देखाएर मण्डलीबाट अलग गराउनेहरूसँग होसियार रहनुपर्छ । साथै मण्डलीका अरू दाजुभाई तथा दिदी बहिनीहरूलाई पनि यस्ता मानिसहरूबाट जोगाउनुपर्छ । २ यूहन्ना १० ले भन्दछ "यदि कोही तिमीकहाँ आएर यो सिद्धान्त ल्याएन भने त्यसलाई घरमा स्वागत नगर्नू । त्यसलाई अभिवादन पनि नगर्नू ।"

## अगुवाहरूको जिम्मेवारी

प्रेरित २०:२८-२९ ले भन्दछ "तपाईंहरू आफ्ना निम्ति र आफ्नो समस्त बगालको निम्ति सावधान रहनुहोस् । पवित्र आत्माले तपाईंहरूलाई बगालको जिम्मावाल बनाउनुभएको हुनाले उहाँले आफ्नै रगतले किन्नुभएको परमेश्वरका मण्डलीको हेरचाह तपाईंहरू गर्नुहोस् किनभने मलाई थाहा छ, कि म गएपछि डरलाग्दा ब्वाँसाहरू तिमीहरूका माझमा पस्नेछन्, जसले बगाललाई बाँकी राख्ने छैनन् ।" यसैले मण्डलीको अगुवाहरूको अझ ठूलो जिम्मेवारी छ किनकि यस्ता झूटा शिक्षा र शिक्षकहरूबाट मण्डलीलाई जोगाउन मण्डलीका विश्वासीहरूको राम्रोसँग हेरचार गर्न र वास्ता पुऱ्याउनको लागि परमेश्वरले अगुवाहरूलाई मण्डलीमा राख्नुभएको छ ।

## जुलाई महिनाको कार्यक्रम

१. श्रावण १ गते/जुलाई १७ ता. आइतबार बिहान १०:०० बजे
**महिला उपवास प्रार्थना** आ-आफ्नै मण्डलीमा
२. श्रावण ८ गते/जुलाई २४ ता. आइतबार बिहान ९:००-३:०० बजे
**नेइम कार्यकारिणीको बैठक** नेइम जोरपाटी मण्डलीमा

## अनुरोध

नेइम अन्तर्गत हप्ताको बीचमा भइरहेका प्रार्थना सभाहरूको समय तालिका फेरबदल भएमा वा थप गर्नुपरेमा प्रार्थना सभाको स्थान, बार र समयको जानकारी मण्डली अफिसमा गराइदिनुहुन अनुरोध गर्दछौं ।

# साप्ताहिक सेवा संगति

| कार्यक्रम | बार | समय | स्थान |
|---|---|---|---|
| **आराधना सेवा** | **शनिबार** | बिहान ७:३०, ९:३० र ११:३० बजे<br>बिहान ९:०० बजे र ११:०० बजे<br>बिहान ८:०० बजे र ११:०० बजे<br>बिहान १०:३० बजे | ज्ञानेश्वर<br>ललितपुर<br>गोंगबूँ,<br>जोरपाटी, पनौती, नगरकोट, जहरसिंह पौवा, गाम्छा, गुर्जुधारा सिर्जनानगर भक्तपुर, रानीपौवा र सुन्दरीजल |
| **आत्मिकी तथा चंगाई सेवा** | | महिनामा एक पटक<br>महिनामा दुई पटक | ज्ञानेश्वर, ललितपुर, सिर्जनानगर भक्तपुर, गोंगबू, गाम्छा, सुन्दरीजल<br>जोरपाटी |
| **घरेलु संगति** | **बुधबार, बिहीबार, शुक्रबार साथै हाप्ताको अरू समयहरूमा विभिन्न ठाउँहरू** | | |
| **प्रार्थना सभा** | आइतबार<br>आइतबार<br>सोमबार<br>मंगलबार<br>बुधबार<br>बिहीबार<br>शुक्रबार<br>सोमबार | बिहान ६:०० बजे<br>बेलुकी ६:०० बजे<br>बिहान ६:०० बजे<br>बिहान ६:०० बजे<br>बिहान ६:०० बजे<br>बिहान ६:०० बजे<br>बिहान ६:०० बज<br>बिहान ५:०० बजे | नयाँ बानेश्वर, मीनभवन<br>लिपिकोट<br>ज्ञानेश्वर, जोरपाटी, नाङ्लेभारे, गाम्छा, नयाँपाटी, थली, मूलपानी-२,गोंगबूँ, पनौती सिर्जनानगर<br>धापासी र बौद्ध-बज्रनगर, कमलाक्षी मनहरा पुल (पेप्सीकोला)<br>ज्ञानेश्वर, ललितपुर, जोरपाटी, मूलपानी-१, पनौती, सरस्वतीनगर, गुर्जुधारा, भैसेपाटी<br>गोंगबूँ<br>ज्ञानेश्वर, जोरपाटी, गोंगबूँ, पनौती, कमलाक्षी, कालीमाटी, गाम्छा र सुन्दरीजल<br>गोल्फुटार |

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली

| मिति | जोरपाटी | जहरसिंह पौवा | गाम्छा | सुन्दरीजल | गोंगबूँ | रानीपौवा | साहुगाउँ |
|---|---|---|---|---|---|---|---|
| **आषाढ २५ गते जुलाई ९ ता.** | पाष्टर एल.पी.न्यौपाने | एल्डर जमान तामाङ्ग | एल्डर अष्ट श्रेष्ठ | एल्डर दानिएल सापकोटा | पाष्टर रोबर्ट कार्थक | **संयुक्त सेवा गोंगबूँ चर्च** | श्री धन बहादुर तामाङ्ग |
| **आषाढ ३२ गते जुलाई १६ ता.** | पाष्टर रोबर्ट कार्थक | श्री टुम्मल डोटेल | **संयुक्त सेवा – जोरपाटी चर्च** | | पाष्टर सामुएल कार्थक | श्रीमती मीरा गुरूङ्ग | श्री दिल मान तामाङ्ग |
| **श्रावण ७ गते जुलाई २३ ता.** | पाष्टर महेश थाँजु | एल्डर जमान तामाङ्ग | एल्डर गोपी राई | एल्डर पासाङ्ग डेविड शेर्पा | पाष्टर बर्णबास श्रेष्ठ | श्री विनोद लामा | श्री धन बहादुर तामाङ्ग |
| **श्रावण १४ गते जुलाई ३० ता.** | पाष्टर अशोक मुखिया | एल्डर अष्ट श्रेष्ठ | श्री राज गुरूङ्ग | एल्डर दानिएल सापकोटा | एल्डर पासाङ्ग डेविड शेर्पा | डीकनेस् निर्मला ढुङ्गेल | श्री दिल मान तामाङ्ग |
| **श्रावण २१ गते अगष्ट ६ ता.** | पाष्टर दफ्तन सादा | एल्डर जमान तामाङ्ग | एल्डर दानिएल सापकोटा | एल्डर गोपी राई | पाष्टर बर्णबास श्रेष्ठ | डीकन बि.एन. पण्डित | श्री जय सिंह |

## नव दम्पत्ति परिवारलाई हार्दिक बधाई



आषाढ १२ गते/जुन २६ ता. आइतबार नेइम ज्ञानेश्वर चर्चमा यसै मण्डलीका सदस्य-सदस्याको पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा **श्रीमान/श्रीमती आशिष/एस्तर कार्की**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

### बधाई

**२०६७ सालको एस.एल.सी. परीक्षा**मा उत्तीर्ण हुनुभएका सम्पूर्ण मण्डलीका विद्यार्थीहरूलाई मण्डलीको तर्फबाट बधाई ज्ञापन गर्दछौं ।

## जानकारी

१. जेष्ठ १० गते/मे २४ ता. मंगलबार नेइम शाखा मण्डली, धनगढी पश्चिम नेपालमा १२८ जना विश्वासीहरूले पानीको बप्तिस्मा लिनुभयो ।

२. जेष्ठ २० गते/जुन ३ ता. शुक्रबार नेइम पनौती चर्चका ८ जना विश्वासीहरूले पानीको बप्तिस्मा लिनुभयो ।

३. जेष्ठ २६ गते/जुन ९ ता. बिहीबार नेइम ललितपुर चर्चका २ जना विश्वासीहरूले पानीको बप्तिस्मा लिनुभयो ।

४. जेष्ठ २६ गते/जुन ९ ता. बिहीबार नेइम गोंगबूँ चर्चका १६ जना विश्वासीहरूले पानीको बप्तिस्मा लिनुभयो ।

५. जेष्ठ २८ गते/जुन ११ ता. शनिबार नेइम सिर्जनानगर चर्चका ११ जना विश्वासीहरूले समर्पण गर्नुभयो ।

६. असार १२ गते/जुन २६ ता. आइतबार नेइम ज्ञानेश्वर चर्चका १७ जना विश्वासीहरूले पानीको बप्तिस्मा लिनुभयो ।

## प्रार्थनाका विषयहरू

१. देशको सबै क्षेत्रमा शान्ति, मिलाप समझदारी, सुधार र उन्नति आएको होस् भनी प्रार्थना गरौं ।

२. नेपाल देशमा प्रभुको इच्छा र योजना पूरा भएको होस् साथै उहाँको इच्छाअनुसार मण्डलीहरू पनि अघि बढ्दै जान सकून् ।

३. नेपालका सबै अगुवाहरूलाई पवित्र आत्माको बप्तिस्माको इच्छा भएको होस् र सबै जनानै पवित्र आत्माको बप्तिस्मा पाएर आत्माको भरपूरीमा जिउनेहरू हुन सकून् ।

४. नेपालका मण्डलीहरूको लागि मृत्युपश्चात् दफन (मृत्य संस्कार) गर्न नेपाल सरकारले आवश्यक जग्गा उपलब्ध गराईदिन सकेको होस् ।

५. नेइम मण्डलीका सबै पाष्टर, एल्डर, डीकन, डीकनेस् तथा विभिन्न क्षेत्रमा अगुवाई गरिराख्नुभएकाहरू एकै मनको भएर एउटै दर्शनमा मण्डलीलाई अगाडि बढाइराख्नको लागि परमेश्वरबाटको अनुग्रह मागिदिऔं ।

६. विभिन्न सेवा संगति तथा आराधना सेवाहरूमा वचनको सेवकाई गर्नुहुने सेवक/सेविकाहरूको लागि आशिष मागिदिऔं ।

७. बाल संगतिका बालबालिकाहरू साथै शिक्षक/शिक्षिकाहरूको लागि प्रार्थना गरिदिऔं ।

८. छोरी मण्डली (शाखा)/आवद्ध मण्डलीहरूमा सेवकाई गर्नुहुने सेवक/सेविकाहरूको कमी नभएको होस् ।

९. हामी बसेका टोलका मानिसहरूको समझलाई अन्धो तुल्याउने अन्धकारको शक्तिको विरोधमा साथै टोल समाजलाई दुषित तुल्याउने तन्त्रमन्त्र, लागु पदार्थ र दुष्ट कुराहरूको विरोधमा पनि प्रार्थना गरौं जसको कारण मानिसहरूले परमेश्वरलाई चिन्न र विश्वास गर्न सकून् र त्यस ठाउँका सबै वातावरण पनि परिवर्तन भएको होस् ।

१०. मण्डलीमा कसैले पनि रीतिविधिको रुपमा प्रभु येशूलाई नअङ्गालेको होस् । मण्डलीमा आउनुहुनेहरू सबै ख्रीष्ट प्रभुलाई सत्यतामा प्रेम गर्नेहरू हुन सकून् जसको कारण मण्डली संख्यामा मात्र होइन गुणमा पनि बढ्दै जान सकून् ।

१२. वर्षायामको समयमा बाढी, पहिरोबाट गाउँघर तथा दूर्गम जिल्लाका मण्डलीहरूको लागि सुरक्षा मागिदिऔं ।

१३. विश्वासीहरूको घरघरमा झूटा शिक्षाका मानिसहरू आएर विश्वासीहरूलाई भ्रममा पार्ने झूट कुरा गरी बहकाउने, पर्चा दिने, विभिन्न प्रलोभन देखाई फकाउने काम गर्ने गरेकोले मण्डलीका सबै विश्वासीहरू यस्ता मानिसहरू र शिक्षाबाट सचेत रहनको लागि पवित्र आत्मा परमेश्वरले नै सहायता गरून् ।

| | | | | | |
|---|---|---|---|---|---|
| **आइतबार**<br>**Sunday** | १९ 3<br>मण्डलीका सम्पूर्ण क्षेत्रमा सहयोग पुऱ्याइ राख्नुभएकाहरूको व्यक्तिगत, पारिवार र सेवकाईमा आशिष मागिदिऔं ।<br>भजनसंग्रह १०१:६-७ | २६ 10<br>नेपाल देशमा रहेका सम्पूर्ण साना-ठूला मण्डलीहरू साक्षीको जीवन जिएर प्रभुलाई महिमा दिन सकून् ।<br>एफिसी ५:१-२ | १ श्रावण 17<br>सम्पूण विश्वासीहरूको जीवनमा प्रार्थना, सुसमाचार प्रचार र वचन पढाई, प्रशंसा कहिल्यै नरोकेको होस् ।<br>प्रेरित २:४२-४७ | ८ 24<br>नेपाल देशका सबै जिल्लाहरूमा सुसमाचार फैलिएर जान सकून् र धेरै नेपालीहरू प्रभुको राज्यमा आउन सकून् ।<br>१ तिमोथी २:१-८ | १५ 31<br>इस्राएल देशमा रहेका यहूदीहरूले प्रभु येशूलाई मुक्तिदाताको रुपमा चिनेर आफ्नो हृदयमा बोलाउन सकून् ।<br>यर्मिया ३१:१२-१४ |
| **सोमबार**<br>**Monday** | २० 4<br>प्रत्येक विश्वासीहरूको व्यक्तिगत, पारिवारिक र मण्डलीसँग मिलेर गरिने प्रार्थनाको मूल्य चुकाई अझ बढेर गएको होस् ।<br>यशैया ६२:६ | २७ 11<br>प्रत्येक विश्वासीहरू आफ्नो टोल, छिमेक, नातेदार, साथीभाइ र आफन्तहरूको बीचमा प्रभुको साँचो साक्षी र गवाही भएर जिउन सकून् ।<br>तीतस ३:१-३ | २ 18<br>प्रभुले मण्डलीमा थपिरहनुभएका नयाँ आत्माहरूलाई प्रभुमा हुर्काउनको निम्ति सबैजना बोझसहित लागिपर्न सकौं ।<br>मत्ती २८:१८-२० | ९ 25<br>परमेश्वरको वचन सुन्न, बुझ्न र सुनेको वचनलाई मनन गरी त्यसअनुसार जिउनलाई बाधा दिने सबै अन्धकारका कुराहरूको विरूद्धमा प्रार्थना गरौं ।<br>मत्ती १८:१८-१९ | १६ August 1<br>प्रभु येशूमा भएकाहरू जीवनको सबै परिस्थितिहरूमा सधैँ धन्यवादी भई जिउनको लागि अनुग्रह मागौं ।<br>हबकूक ३:१७-१९ |
| **मंगलबार**<br>**Tuesday** | २१ 5<br>पूर्णकालिन सेवक/सेविकाहरू मण्डलीलाई हुर्काउन, बढाउन, डोऱ्याउन र वास्ता गर्नको लागि पवित्र आत्माको सहायता मागिदिऔं ।<br>१ तिमोथी १:१२ | २८ 12<br>मण्डलीका सबै विश्वासीहरू परमप्रभु परमेश्वरलाई सत्यतामा पुकार्ने, उहाँको भय मान्ने र उहाँलाई प्रेम गर्नेहरू हुन सकून् ।<br>भजनसंग्रह १४५:१७-२० | ३ 19<br>सबै विश्वासीहरू जीवनका सबै क्षेत्रमा परमेश्वरको असल अभिप्रायअनुसार इच्छा गर्ने र काम गर्नेहरू हुँदै जान सकौं ।<br>फिलिप्पी २:१२-१७ | १० 26<br>मण्डलीमा भइरहेको आत्मिकी सभामा धेरैले आत्माको भरपूरी पाउन सकून् साथै जुवाहरू भाँचिएको होस् र चंगाई तथा निको हुवाई पाउन सकौं ।<br>यशैया ३५:३-७ | १७ 2<br>हामी सबै खीष्ट प्रभुलाई जीवनको अन्तिम घडीसम्मै प्रेम गरिरहन र उहाँको भएर जिउनको लागि अनुग्रह मागौं ।<br>२ तिमोथी ४:१-८ |
| **बुधबार**<br>**Wednesday** | २२ 6<br>मण्डलीको आराधना सेवा, प्रार्थना सभा, घरेलु संगति, आत्मिकी सेवा साथै अन्य सेवा संगतिहरूमा यथाशक्य भाग लिन सकून्<br>यशैया ४५:२-३ | २९ 13<br>खीष्टको नाउँको खातिर दुःख, कष्ट भोगिरहेकाहरूको लागि बल, साहस, साथै स्थिर रहनको लागि परमेश्वरको अनुग्रह मागिदिऔं ।<br>१ पत्रुस ४:१२-१३ | ४ 20<br>अगुवाको स्थानमा रहनुभएकाहरूले उदाहरण भएर आफ्नो बगालको हेरचाह गर्न सकून् र परमेश्वरमा डोऱ्याउन सकून् ।<br>१ पत्रुस ५:१-४ | ११ 27<br>मण्डलीका सबै विश्वासीहरूले आफ्नो धन सम्पत्तिद्वारा पनि परमेश्वरलाई सधैं आदर, इज्जत दिइरहन सकून् ।<br>हितोपदेश ३:९-१० | १८ 3<br>परमेश्वरले प्रतिज्ञा गर्नुभएको कुराहरू मण्डलीले विश्वाससाथ आफ्नो बनाउन सकून् ।<br>हिब्रू ११:१,६ |
| **बिहीबार**<br>**Thursday** | २३ 7<br>बाल संगतिको बालबालिको आत्मिक जीवनको साथै पढाई, स्वास्थ्य, सुरक्षा जस्ता सबै क्षेत्रमा प्रशस्त आशिष मागिदिऔं ।<br>यशैया ६१:८-९ | ३० 14<br>मण्डलीका सबै जवानहरू आफ्ना नयाँ साथीहरूलाई प्रभुमा जित्ने काममा बोझसहित लागिपर्न सकून् ।<br>१ कोरिन्थी ९:१६ | ५ 21<br>मण्डलीका सबै बाबु आमाहरू अझ परमेश्वर पितालाई प्रेम गर्दै परिवारलाई पनि प्रभुमा डोऱ्याउनेहरू हुन सकून् ।<br>भजनसंग्रह १२८:१-६ | १२ 28<br>बेथानी आश्रममा बस्नुभएका बज्यैहरू साथै मण्डलीका सबै वृद्ध/वृद्धाहरू परमेश्वरमा सधैँ आनन्दित जीवन जिउन सकून् ।<br>फिलिप्पी ४:४-७ | १९ 4<br>परिवारका सबै सदस्यहरू परमेश्वरले दिनुभएको शान्ति, मेलमिलाप र समझदारीमा जिउन सकून् ।<br>१ पत्रुस ३:१-१७ |
| **शुक्रबार**<br>**Friday** | २४ 8<br>सारा विश्वव्यापी मण्डलीहरूमा हुने सेवामा परमेश्वरको इच्छा पूरा भएको होस् । ती संगतिद्वारा परमेश्वरलाई नै महिमा मिलेको होस् ।<br>यशैया ५५:६-१३ | ३१ 15<br>शनिबारको आराधना सेवा साथै अन्य सेवा संगतिहरू मण्डलीको कार्यक्रम नभएर आत्मिकी रुपमा बढ्दै जाने सेवा संगति हुन सकून् ।<br>मत्ती ६:१-४ | ६ 22<br>आराधना सेवामा आउनेहरू सबै प्रभुलाई भेट्नको लागि मन, प्राण, आत्मा र शरीरको तयारीमा आउन सकून् ।<br>भजनसंग्रह ४२:१-७ | १३ 29<br>विभिन्न उद्देश्य लिएर मण्डलीमा आउनुहुने हरेकले परमेश्वरको वचन सुनेर उहाँहरूको हृदय परिवर्तन भएको होस् ।<br>हिब्रू ४:१२-१३ | २० 5<br>मण्डली वचन सुन्ने मात्र होइन तर वचन पालन गरेर परमेश्वरलाई साँचो प्रेम गर्नेहरू हुन सकून् ।<br>यूहन्ना १४:२१ |
| **शनिबार**<br>**Saturday** | २५ 9<br>परमेश्वरमा निको हुने आशाले आउनुभएका रोगी बिरामी, भूतात्मा लागेका र अन्य बन्धनमा परेकाहरूको जीवनमा चंगाई, छुट्कारा र स्वतन्त्र आएको होस् ।<br>भजनसंग्रह २२:५ | ३२ 16<br>भारतको मुम्बई, पुना र अन्य ठाउँहरूमा बेचिएका नेपाली चेलीबेटीहरूको उद्धारको लागि प्रार्थना गरौं ।<br>यर्मिया ३१:४,११ र १६ | ७ 23<br>स्कूल, क्याम्पस, उच्च शिक्षाको र विभिन्न तालिम लिइराख्नुभएकाहरूको पढाई साथै तालिममा आशिष मागिदिऔं ।<br>हितोपदेश ३:१-६ | १४ 30<br>मण्डलीको चार खाँबो पुरुष, महिला, युवा र बाल संगति आत्मिक क्षेत्रमा एकै रुपमा बढ्दै जान सकून् ।<br>एफिसी ४:१२-१६ | २१ 6<br>यी आखिरी दिनहरूमा संसारका धेरै निराश गर्ने कुराबाट पवित्र आत्मा परमेश्वरले नै सबै विश्वासीहरूलाई स्थिर रहन सहायता गरून् ।<br>१ थेसलोनिकी ५:२१-२४ |

प्रकाशक: नेइम ज्ञानेश्वर चर्च, पो.ब. ११३१, काठमाडौं, नेपाल फोन नं: ४४१४४८५/४४१२१७२ Email:nim@wlink.com.np, www.nim.org.np